केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/०६/०८०/८१

मिति: २०८०/०९/०८

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**भवदीय,**

**(गुरु प्रसाद पौडेल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

## यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा.निर्देशन नं. २ को बुँदा ८ को उपबुँदा (५) मा थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको । | **(५) बैंक तथा वित्तीय संस्थाले परिस्थितिवश समस्यामा परेका ऋणीहरुको हकमा (क) कृषि र वन, (ख) माछापालन, (ग) खानी, (घ) कृषि, वन र पेयपदार्थ उत्पादन (सूर्ती प्रशोधन र मदिराजन्य बाहेक), (ङ) गैरखाद्य वस्तु उत्पादन, (च) धातुका उत्पादनहरु, मेसिनरी तथा इलेक्ट्रोनिक औजार तथा जडान, (छ) यातायात, भण्डार र संचार, (ज) थोक तथा खुद्रा विक्री, (झ) पर्यटन, (ञ) शिक्षा एव स्वास्थ्य, (ट) निर्माण (सिमेन्ट, डण्डी, ईंटा/ब्लक, पाईप्स् एण्ड फिटिङ्गस् लगायतका उद्योगमा प्रवाहित कर्जा समेत) क्षेत्रसँग सम्बन्धित कर्जा र अन्य सबै क्षेत्रमा प्रवाह भएका रु. ५ करोडसम्मका कर्जालाई ऋणीको अनुरोधमा उद्योग/व्यवसायको नगदप्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तिमा १० प्रतिशत रकम असुल उपर गरी देहायका शर्तहरुको अधीनमा रही कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिनेछ ।**<br>**(१) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०८० चैत मसान्तभित्र गरिसक्नु पर्नेछ ।**<br>**(२) २०८० असार मसान्तमा सक्रिय वर्गमा वर्गीकरण भएको कर्जालाई पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिनेछ ।**<br>**(३) उपर्युक्त बमोजिम पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका कर्जाहरुमा ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।**<br>**(४) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएको कर्जाहरुलाई जुन वर्गमा वर्गीकरण गरिएको छ सोही वर्गमा वर्गीकरण गर्नुपर्नेछ ।** |
| २. | इ.प्रा.निर्देशन नं. २ को बुँदा ३९ को उपबुँदा (९) मा थप गरी क्रमसख्या मिलान गरिएको । | हाल नरहेको । | **(९) २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरहरुको पुनरनिर्माणका लागि नेपाल सरकार वा नेपाल सरकारले तोकेका निकायले भूकम्प प्रभावितको रुपमा सूचीकरण गरेको परिवारलाई प्रदान गर्ने रु. २५ लाखसम्मको आवासीय घरकर्जामा आधार दरमा अधिकतम २ प्रतिशतसम्म प्रिमियम थप गरी ब्याजदर कायम गर्नुपर्नेछ ।** |
| ३. | इ.प्रा.निर्देशन नं. २ को बुँदा ४५ को उपबुँदा (ग) मा संशोधन गरिएको । | (ग) इजाजतपत्रप्राप्त संस्थाले अधिकतम सीमा भन्दा बढी हुने गरी कर्जा प्रवाह गरेमा सो कर्जालाई सुक्ष्म निगरानी (Watch List) अन्तर्गत वर्गीकरण गर्नु पर्नेछ ।<br>तर, स्वप्रयोजनका लागि निर्माण/खरिद गरिने पहिलो घर कर्जाका लागि करयोग्य आयको हकमा कर दाखिला कागजातको आधारमा कर्जा प्रदान/नवीकरण गर्न सकिनेछ र त्यस्तो कर्जाको | ग) इजाजतपत्रप्राप्त संस्थाले अधिकतम सीमाभन्दा बढी हुने गरी कर्जा प्रवाह गरेमा सो कर्जालाई सूक्ष्म निगरानी (Watch List) अन्तर्गत वर्गीकरण गर्नु पर्नेछ ।<br>तर, स्वप्रयोजनका लागि निर्माण/खरिद गरिने पहिलो घर कर्जा **र रु. ५० लाख सम्मको आवास कर्जाको** लागि करयोग्य आयको हकमा कर दाखिला कागजातको आधारमा कर्जा प्रदान/नवीकरण गर्न सकिनेछ र त्यस्तो कर्जाको हकमा ऋण भुक्तानी आम्दानी अनुपात (DTI) अधिकतम ६० प्रतिशत कायम गर्न सकिनेछ । |

| | | | |
|---|---|---|---|
| | | हकमा ऋण भुक्तानी आम्दानी अनुपात (DTI) अधिकतम ६० प्रतिशत कायम गर्न सकिनेछ । | |
| ४. | इ.प्रा.निर्देशन नं. ३ को बुँदा १२ मा उपबुँदा (४) (ग) थप गरी क्रमसख्या मिलान गरिएको । | हाल नरहेको । | **(ग) २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरहरुको पुनरनिर्माणका लागि नेपाल सरकार वा नेपाल सरकारले तोकेका निकायले भूकम्प प्रभावितको रुपमा सूचीकरण गरेको परिवारलाई प्रदान गर्ने आवासीय घरकर्जाको हकमा कर्जा र सोको धितो सुरक्षण बीचको अनुपात (Loan to Value Ratio) खण्ड (क) र (ख) मा उल्लिखित आवास/घर कर्जा र सोको धितो सुरक्षण बीचको अनुपात (Loan to Value Ratio) मा न्यूनतम १० प्रतिशत बिन्दु थप गर्नुपर्नेछ । यस्तो अनुपातको सीमा अधिकतम शतप्रतिशतसम्म कायम गर्न सकिनेछ ।** |
| ५. | इ.प्रा.निर्देशन नं. ५ को बुँदा ६ को उपबुँदा (६) (क) मा संशोधन गरिएको । | (क) यस प्रयोजनको लागि पूँजी कोष र पुँजी कोषको अङ्गको रुपमा रहेका ऋणपत्र बाहेकका ऋणपत्र, १ वर्ष वा सोभन्दा बढी अवधिको विदेशी मुद्रामा लिएको ऋण तथा यस बैंकबाट प्रदान गरिएको पुनरकर्जा रकमलाई निक्षेपको रुपमा गणना गर्न सकिनेछ । ऋणपत्र पुँजीकोषको अंगको रुपमा रहने वा नरहने सम्बन्धमा इजाजतपत्र प्राप्त संस्थाले ऋणपत्र जारी गर्दाकै बखत तोक्नु पर्नेछ । मिति २०७८/०५/०८ पूर्व जारी भएका ऋणपत्रको हकमा इजाजतपत्रप्राप्त संस्थाले २०८० पुस मसान्त सम्मको लागि निक्षेपको रुपमा समेत गणना गर्न सक्नेछन् । | (क) यस प्रयोजनको लागि पुँजी कोष र पुँजी कोषको अङ्गको रुपमा रहेका ऋणपत्र बाहेकका ऋणपत्र, १ वर्ष वा सोभन्दा बढी अवधिको विदेशी मुद्रामा लिएको ऋण तथा यस बैंकबाट प्रदान गरिएको पुनरकर्जा रकमलाई निक्षेपको रुपमा गणना गर्न सकिनेछ । ऋणपत्र पुँजीकोषको अंगको रुपमा रहने वा नरहने सम्बन्धमा इजाजतपत्र प्राप्त संस्थाले ऋणपत्र जारी गर्दाकै बखत तोक्नु पर्नेछ । मिति २०७८/०५/०८ पूर्व जारी भएका ऋणपत्रको हकमा इजाजतपत्रप्राप्त संस्थाले २०८० पुस मसान्त सम्म **शतप्रतिशत र सो अवधि पश्चात २०८१ असार मसान्तसम्म उक्त ऋणपत्रको ५० प्रतिशत रकम निक्षेपको रुपमा समेत गणना गर्न सक्नेछन् ।** |
| ६. | इ.प्रा.निर्देशन नं. ६ को बुँदा १६ को उपबुँदा (छ) को मा संशोधन गरिएको । | (छ) वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकमलाई वित्तीय साक्षरता प्रवर्द्धन गर्ने लगायतका क्रियाकलापलाई प्रोत्साहित गर्न प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ । यसरी गरिएको खर्चको विस्तृत संस्थागत विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ । | (छ) वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकमलाई वित्तीय साक्षरता प्रवर्द्धन गर्ने लगायतका क्रियाकलापलाई प्रोत्साहित गर्न प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ । यसरी गरिएको खर्चको विस्तृत संस्थागत विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।<br>**तर २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल तथा स्वास्थ्य चौकीको पुनरनिर्माणका लागि बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को मुनाफाबाट सामाजिक उत्तरदायित्व कोषमा छुट्याई खर्च गर्नुपर्ने रकमको वार्षिक ४० प्रतिशतसम्म खर्च गर्न माथि उल्लिखित व्यवस्थाले बाधा** |

| | | | |
|---|---|---|---|
| | | | **पुगेको मानिने छैन ।** |
| ७. | इ.प्रा.निर्देशन नं. २१ को बुँदा ७ मा संशोधन गरिएको । | यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ७.५ प्रतिशत कायम गरिएको छ । | यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्थाअनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) **७.० प्रतिशत** कायम गरिएको छ । |
| ८. | इ.प्रा.निर्देशन नं. २१ को बुँदा १० को उपबुँदा (ख) मा संशोधन गरिएको । | ख) ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर ७.५ प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर ४.५ प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई ६.५ प्रतिशत कायम गरिएको छ । | ख) ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर **७.० प्रतिशत**, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर **३.० प्रतिशत** र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई **५.५ प्रतिशत** कायम गरिएको छ । |
| ९. | अनुसूची १ को Capital Adequacy Framework 2015 को 3.3 को i(7) हटाइएको । | 7. Real Estate loans for land acquisition and development shall attract risk weight of 150%. (Other than mentioned in Capital Adequacy framework 2015-point 3.3(j)(1)k) | हटाइएको । |
| १०. | अनुसूची १ को Capital Adequacy Framework 2015 को 3.3 को j(1)(n) थप गरिएको । | हाल नरहेको । | **n. Real Estate loans for land acquisition and development shall attract risk weight of 125%. (Other than mentioned in Capital Adequacy framework 2015-point 3.3(j)(1)(k)** |
| ११. | अनुसूची १ को Capital Adequacy Framework 2015 को 3.3 को i(8) हटाएको । | 8. Lending against shares (above Rs. 5 Million) shall attract risk weight of 150%. | हटाइएको । |
| १२. | अनुसूची १ को Capital Adequacy | हाल नरहेको । | **o. Lending against shares (above Rs. 5 Million) shall attract risk weight of 125%.** |

<table>
<tr><td></td><td>Framework 2015 को 3.3 को j(o) मा थप गरिएको ।</td><td></td><td></td></tr>
<tr><td>१३.</td><td>अनुसूची १ को Capital Adequacy Framework 2015 को FORM No.2: RISK WEIGHTED EXPOSURE FOR CREDIT RISK मा थप गरिएको ।</td><td>थप गरिएको ।</td><td>
<table>
<tr><th>A. Balance Sheet Exposures</th><th>Book Value</th><th>Specific Provision & Valuation Adjustment</th><th>Eligible CRM</th><th>Net Value</th><th>Risk Weight</th><th>Risk Weighted Exposures</th></tr>
<tr><td>Real Estate loans for land acquisition and development (Other than mentioned in Capital Adequacy framework 2015-point 3.3(j)(1)(k))</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>125%</td><td>0</td></tr>
<tr><td>Lending against shares (above Rs. 5 Million)</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>125%</td><td>0</td></tr>
</table>
</td></tr>
<tr><td>१४.</td><td>अनुसूची १ को Capital Adequacy Framework 2015 को FORM NO.3 ELIGIBLE CREDIT RISK MITIGANTS मा थप गरिएको ।</td><td>थप गरिएको ।</td><td>
<table>
<tr><th>Credit exposures</th><th>Deposits with Bank</th><th>Deposits with other banks/FI</th><th>Gold</th><th>Govt. & NRB Securities</th><th>G'tee of Govt. of Nepal</th><th>Sec/ G'tee of Other Sovereigns</th><th>G'tee of domestic banks</th><th>G'tee of MDBs</th><th>Sec/ G'tee of Foreign Banks</th><th>Total</th></tr>
<tr><td>Real Estate loans for land acquisition and development (Other than mentioned in Capital Adequacy framework 2015-point 3.3(j)(1)(k))</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Lending against shares (above Rs. 5 Million)</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td></tr>
</table>

<table>
<tr><td>१५.</td><td>अनुसूची १ को Capital Adequacy Framework 2007 को 3.3 को i(7) हटाइएको ।</td><td>7. Real Estate loans for land acquisition and development shall attract risk weight of 150%. (Other than mentioned in Capital Adequacy framework 2007-point 3.3(j)(1)j)</td><td>हटाइएको ।</td></tr>
<tr><td>१६.</td><td>अनुसूची १ को Capital Adequacy Framework 2007 को 3.3 को j(m) थप गरिएको ।</td><td>हाल नरहेको ।</td><td>m. Real Estate loans for land acquisition and development shall attract risk weight of 125%. (Other than mentioned in Capital Adequacy framework 2007-point 3.3(j)(1)j)</td></tr>
<tr><td>१७.</td><td>अनुसूची १ को Capital Adequacy Framework 2007 को 3.3 को i(8) हटाइएको ।</td><td>8. Lending against shares (above Rs. 5 Million) shall attract risk weight of 150%.</td><td>हटाइएको ।</td></tr>
<tr><td>१८.</td><td>अनुसूची १ को Capital Adequacy Framework 2007 को 3.3 को j(n) थप गरिएको ।</td><td>हाल नरहेको ।</td><td>n. Lending against shares (above Rs. 5 Million) shall attract risk weight of 125%.</td></tr>
<tr><td>१९.</td><td>अनुसूची १ को Capital Adequacy Framework 2007 को FORM No.2: RISK WEIGHTED EXPOSURE FOR CREDIT RISK मा</td><td>थप गरिएको ।</td><td><table><tr><td>A. Balance Sheet Exposures</td><td>Book Value</td><td>Specific Provision & Valuation Adjustment</td><td>Eligible CRM</td><td>Net Value</td><td>Risk Weight</td><td>Risk Weighted Exposures</td></tr></table></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>थप गरिएको ।</td>
<td></td>
<td>
<table>
<tr><td>Real Estate loans for land acquisition and development (Other than mentioned in Capital Adequacy framework 2015-point 3.3(j)(1)(k))</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>125%</td><td>0</td></tr>
<tr><td>Lending against shares (above Rs. 5 Million)</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>125%</td><td>0</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>२०.</td>
<td>अनुसूची १ को Capital Adequacy Framework 2007 को FORM NO.3 ELIGIBLE CREDIT RISK MITIGANTS मा थप गरिएको ।</td>
<td>थप गरिएको ।</td>
<td>
<table>
<tr><th>Credit exposures</th><th>Deposits with Bank</th><th>Deposits with other banks/FI</th><th>Gold</th><th>Govt. & NRB Securities</th><th>G'tee of Govt. of Nepal</th><th>Sec/ G'tee of Other Sovereigns</th><th>G'tee of domestic banks</th><th>G'tee of MDBs</th><th>Sec/ G'tee of Foreign Banks</th><th>Total</th></tr>
<tr><td>Real Estate loans for land acquisition and development (Other than mentioned in Capital Adequacy framework 2015-point 3.3(j)(1)(k))</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Lending against shares (above Rs. 5 Million)</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
</tr>
</table>